प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# गण्डकी प्रदेश कार्यालय,पोखरा कास्की

## सेवा करारमा लिने सम्वन्धि सूचना !

(सूचना प्रकाशित मिति २०८१।०८।२८ )

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् गण्डकी प्रदेश कार्यालय अन्तर्गतका तपसिलका शिक्षालयहरुमा अर्को निर्णय नभएसम्म हाललाई २०८२ असार मसान्तसम्मको लागि प्राविधिक तर्फका व्यक्ति सेवा करारमा लिनु पर्ने भएको हुँदा ईच्छुक योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन (मिति २०८१।०९।१२) भित्र तोकिएका शिक्षालयहरुको लागि आफूले प्राप्त गरेको शैक्षिक योग्यता का प्रमाणपत्र प्रतिलिपि, ३ प्रति पासपोर्ट साइजको फोटो र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र तोकिएको दस्तुर सहित दरखास्त फाराम परिषदको गण्डकी प्रदेश कार्यालयको Email:vacancy.ctevtgandaki@gmail.com इमेल गर्नुहुन वा भौतिक रुपमा उपस्थित भई गण्डकी प्रदेश कार्यालयमा दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो सम्वन्धी विस्तृत विवरण (पद, न्यूनतम शैक्षिक योग्यता,पाठ्यक्रम, परीक्षा प्रणाली, कार्य गर्नु पर्ने स्थान, तलब भत्ता तथा अन्य सुविधा, दरखास्त दस्तुर आदि) परिषद् कार्यालयको वेवसाइट www.ctevt.org.npवा www.ctevtgandaki.org.np मा हेर्न सकिने छ ।

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् गण्डकी प्रदेश कार्यालय अन्तर्गतका शिक्षालयहरुको लागि आवश्यक पदहरु र सम्बन्धित विवरणहरु**

| बिज्ञापन नं. | पद | श्रेणी | संख्या | काम गर्नु पर्ने कार्यालय/शिक्षालयको नाम | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १-०८१/८२ | कृषि प्रशिक्षक ( बाली विज्ञान) | अधिकृत स्तर तृतीय प्राविधिक | १ | धौलागिरी बहुप्राविधिक शिक्षालय, वलेवा, बाग्लुङ्ग | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि ( बाली विज्ञान ) बिषयमा स्नातक तह वा सो सरह उत्तीर्ण । |
| २-०८१/८२ | कृषि प्रशिक्षक ( पशु विज्ञान) | अधिकृत स्तर तृतीय प्राविधिक | ५ | अन्नपूर्ण बहुप्राविधिक शिक्षालय, ढिकुरपोखरी, कास्की -१ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि (पशु विज्ञान/पशुपालन) बिषयमा स्नातक तह वा सो सरह उत्तीर्ण । |
| | | | | किसान बहुप्राविधिक शिक्षालय,चापाकोट,स्याङ्जा -१ जना | |
| | | | | धौलागिरी बहुप्राविधिक शिक्षालय, , वलेवा, बाग्लुङ्ग -१ जना | |
| | | | | वारपाक बहुप्राविधिक शिक्षालय, वारपाक सुलिकोट, गोरखा - २ जना | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३-०८१/८२ | रेस्टुरेन्ट एण्ड लज प्रशिक्षक | अधिकृत स्तर तृतीय प्राविधिक | १ | धवलागिरि प्राबिधिक शिक्षालय, लेते, मुस्ताङ | मान्यता प्राप्त शिक्षण संस्थाबाट होटल म्यानेजमेन्ट बिषयमा स्नातक तह वा सो सरह उत्तीर्ण । |
| ४-०८१/८२ | कुकिङ्ग / वेकिङ्ग प्रशिक्षक | अधिकृत स्तर तृतीय प्राविधिक | १ | धवलागिरि प्राबिधिक शिक्षालय, लेते,मुस्ताङ | मान्यता प्राप्त शिक्षण संस्थाबाट होटल म्यानेजमेन्ट बिषयमा मूल बिषय कुकिङ्ग / वेकिङ्ग लिइ स्नातक तह वा सो सरह उत्तीर्ण । |
| ५ -०८१/८२ | होटल व्याबस्थापन प्रशिक्षक | अधिकृत स्तर तृतीय प्राविधिक | १ | पोखरा प्राविधिक शिक्षालय, पोखरा, कास्की | मान्यता प्राप्त शिक्षण संस्थाबाट होटल व्याबस्थापन बिषयमा स्नातक तह वा सो सरह उत्तीर्ण । |
| ६-०८ १/८२ | अंग्रेजी भाषा प्रशिक्षक | अधिकृत स्तर तृतीय प्राविधिक | १ | पोखरा प्राविधिक शिक्षालय, पोखरा, कास्की | मान्यता प्राप्त शिक्षण संस्थाबाट मूल बिषय अंग्रेजी बिषयमा स्नातक तह वा सो सरह उत्तीर्ण । |
| ७-०८ १/८२ | फार्मेसी प्रशिक्षक | अधिकृत स्तर तृतीय प्राविधिक | १ | कालीगण्डकी बहुप्राविधिक शिक्षालय, पुट्टार, तनहुँ | मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी बिषयमा स्नातक तह वा सो सरह उत्तीर्ण । |
| ८-०८ १/८२ | सहायक लेकचरर वायोलोजी | अधिकृत स्तर तृतीय प्राविधिक | १ | कालीगण्डकी बहुप्राविधिक शिक्षालय, पुट्टार, तनहुँ | मान्यता प्राप्त शिक्षण संस्थाबाट माइक्रो वायोलोजी बिषयमा स्नाकोत्तर तह वा सो सरह उत्तीर्ण । |
| ९-०८१/८२ | सहायक लेकचरर केमेस्ट्री | अधिकृत स्तर तृतीय प्राविधिक | १ | वारपाक बहुप्राविधिक शिक्षालय, वारपाक सुलिकोट, गोरखा | मान्यता प्राप्त शिक्षण संस्थाबाट रसायनशास्त्र बिषयमा स्नाकोत्तर तह वा सो सरह उत्तीर्ण । |
| १०-०८१/८२ | सूचना प्रविधि प्रशिक्षक | अधिकृत स्तर तृतीय प्राविधिक | २ | किसान बहुप्राविधिक शिक्षालय, चापाकोट, स्याङ्जा-१ जना<br>आँधिखोला बहुप्राविधिक शिक्षालय, वालिङ,स्याङ्जा-१ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्फरमेसन टेक्नोलोजी बिषयमा स्नातक तह वा सो सरह उत्तीर्ण । |

| | | | | | |
|---|---|---|---|---|---|
| ११-०८१/८२ | सहायक लेकचरर फिजीक्स | अधिकृत स्तर तृतीय प्राविधिक | १ | कालीगण्डकी बहुप्राविधिक शिक्षालय, पुट्टार, तनहुँ | मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजीक्स बिषयमा स्नाकोत्तर तह वा सो सरह उत्तीर्ण । |
| १२-०८१/८२ | कृषि सहायक प्रशिक्षक (बाली विज्ञान) | सहायक स्तर प्रथम प्राविधिक | २ | वारपाक बहुप्राविधिक शिक्षालय, वारपाक सुलिकोट, गोरखा -१ जना<br>ग्रामिण तालीम केन्द्र ,सिम्पानी, लमजुङ-१ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि - बाली विज्ञान ) बिषयमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण । |
| १३-०८१/८२ | कृषि सहायक प्रशिक्षक ( पशुविज्ञान) | सहायक स्तर प्रथम प्राविधिक | २ | वारपाक बहुप्राविधिक शिक्षालय, वारपाक सुलिकोट, गोरखा | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि ( पशु विज्ञान) बिषयमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण । |
| १४-०८१/८२ | सूचना प्रविधि सहायक | सहायक स्तर प्रथम प्राविधिक | १ | धवलागिरि प्राबिधिक शिक्षालय , लेते, मुस्ताङ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सूचना प्रविधि विषयमा प्रमाण-पत्र तह वा सो सरह उत्तीर्ण । |
| १५-०८१/८२ | कुकिङ्ग / वेकिङ्ग सहायक प्रशिक्षक | सहायक स्तर प्रथम प्राविधिक | १ | पोखरा प्राविधिक शिक्षालय, पोखरा, कास्की | मान्यता प्राप्त शिक्षण संस्थाबाट होटल म्यानेजमेन्ट बिषयमा मूल बिषय कुकिङ्ग / वेकिङ्ग लिइ प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण । |
| १६ -०८१/८२ | फार्मेसी सहायक प्रशिक्षक | सहायक स्तर प्रथम प्राविधिक | १ | कालीगण्डकी बहुप्राविधिक शिक्षालय, पुट्टार,तनहुँ | मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी बिषयमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण । |
| १७-०८१/८२ | कृषि प्रशिक्षण सहायक (बाली विज्ञान) | सहायक स्तर दित्तीय प्राविधिक | २ | धौलागिरी बहुप्राविधिक शिक्षालय, वलेवा, बाग्लुङ्ग | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि ( बाली विज्ञान ) बिषयमा प्राबिधिक एस.एल.सी तह वा सो सरह उत्तीर्ण । |

| | |
|---|---|
| १ | उमेरको हद : अधिकृतस्तर तृतीय श्रेणी प्राविधिक र सहायक स्तर प्राविधिक पदका लागि २१ बर्ष पुरा भई ५० बर्ष ननाघेको । "उमेर" भन्नाले कुनै पदको निमित्त दरखास्त दिने अन्तिम मितिमा पुरा हुने उमेर सम्झनु पर्दछ । |
| २ | समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रतिलिपी स्वयंद्वारा प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नुपर्ने छ । |
| ३ | प्राविधिक तथा प्रशिक्षण सेवा अन्तर्गत प्राविधिक पदमा दरखास्त दिने उमेदवारहरुले पेशा व्यावसायको काम गर्न सम्बन्धित पेशागत परिषदमा दर्ता हुनुपर्ने प्राबधान रहेकोमा सम्वन्धित परिषदमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी दरखास्त बुझाउने अन्तिम म्यादभित्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । |
| ४ | तलव भत्ता तथा अन्य सुविधा : परिषदको कर्मचारी सेवा शर्त तथा सुविधा सम्बन्धी बिनियमावली,२०६९वमोजिम हुनेछ । |
| ५ | कार्य गर्नुपर्ने स्थान : परिषद्को कार्यालयबाट तोकिएका आंगिक शिक्षालयहरुमा जुन शिक्षालयको लागि फाराम भरेको हो सोही शिक्षालयमा मात्र कार्य गर्नु पर्नेछ । |
| ६ | सूचनामा उल्लेखित म्याद भित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको वा रितपूर्वक नभएको दरखास्त स्वीकृत गरिने छैन । त्यस्तो फारम स्वीकृत भएको पाईएमा जुनसुकै वखत पनि स्वतः रद्ध हुनेछ । |
| ७ | पाठ्यक्रम परिषद्को वेवसाईट www.ctevt.org.np लगिन गरी Career बाट सेवा करारको पाठ्यक्रम डाउनलोड गर्नु पर्नेछ । |
| ८ | दरखास्त दस्तुर : प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्गण्डकी प्रदेश,प्रदेश कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, विरौटा शाखा पोखरामा रहेको खाता नं. ३५००१०००००२३४००१ मा देहायको श्रेणी अनुसारको तोकिएको परीक्षा दस्तुर बुझाई सोको भौचर संलग्न गर्नु पर्ने छ । साथै रकम जम्मा गर्दा दरखास्त दिने निवेदकको नाम थर अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ । एकै पदमा फरक फरक शिक्षालयमा फाराम भर्न चाहेमा अधिकृत स्तर को लागि प्रति शिक्षालय रु.५००/- को दरले थप र सहायक प्रथमको लागि प्रति शिक्षालय रु.२५०/- को दरले थप दरखास्त दस्तुर बुझाउनु पर्नेछ । |
| ९ | दरखास्त दस्तुर : |

| सि.नं. | श्रेणी | परीक्षा दस्तुर |
|---|---|---|
| १ | अधिकृत स्तर तृतीय | १०००।- |
| २ | सहायक स्तर प्रथम | ५००।- |
| ३ | सहायक स्तर दित्तीय | ३००।- |

| | |
|---|---|
| १० | परीक्षाको किसिम तथा अंकभार : अंकभार तथा प्रतियोगिताको किसिम तथा सेवा सम्वन्धी दोस्रो पत्रबाट मात्र १(एक) घण्टाको समयमा लिईने छ । बस्तुगत वहुउत्तर प्रश्न संख्या ५० र प्रति प्रश्न अंक २ हुनेछ । कुल पूर्णाङ्क :१०० र उत्तीर्णाङ्क ४० हुनेछ । |
| ११ | यस सूचनामा उल्लेख नभएका विषयहरुको हकमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कर्मचारी सेवा शर्त तथा सुविधा सम्वन्धी विनियमावली २०६९(छैठौं संशोधन सहित) र अन्य प्रचलित कानून वमोजिम हुनेछ । |

| | |
|---|---|
| १२. | उपरोक्त वमोजिमका पदहरुको लिखित परीक्षा एकै दिन एकै समयमा परिषद् कार्यालयले तोकेको स्थानमा सञ्चालन हुनेछ । उमेद्वारले आफूले चाहेका एक भन्दा बढी शिक्षालयमा फाराम भर्न पाउनेछन् । |
| १३ | फाराम : फाराम www.ctevtgandaki.org.np बाट डाउनलोड गर्न सकिने छ अथवा प्रदेश कार्यालयबाट प्राप्त गर्न सकिनेछ । |
| १४ | आवेदन फाराम बुझाउने स्थान :गण्डकी प्रदेश कार्यालय मालेपाटन पोखरा |
| १५ | परिक्षा मिति गण्डकी प्रदेश कार्यालयको website मा पछि प्रकाशित गरिनेछ । |
| १६ | थप जानकारीका लागि परिषद् गण्डकी प्रदेश कार्यालयमा सम्पर्क गर्न सकिनेछ वा फोन नं. ०६१५३२२७१, सूचना अधिकारी ९८४१०६८०९१ मा सम्पर्क गर्न सकिने छ । |

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् गण्डकी प्रदेश प्रदेश कार्यालय पोखरा

अध्यक्ष
सेवा करार व्यक्ति छनौट उप-समिति